स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक

## रक्तदान गरौं, जीवन बचाऔं ।

- तपाई हामीले दिएको एक युनिट रगतले ३ जना सम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले ३-३ महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एक मात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं,
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर अभिनीत 'घरज्वाइ'ले नया गीत 'बिन्जुरी' सार्वजनिक गरेको छ। एसडी योगीको सङ्गीत रहेको गीतमा राम अविरल बिस्टको शब्द तथा सङ्गीतकार योगीको स्वर रहेको छ। प्रेमिल शैलीको यो गीतमा दयाहाङको मिरुनाप्रतिको प्रेम आकर्षणलाई महशुष गर्न सकिन्छ। गीतमा मिरुनालाई 'बिन्जुरी'का रुपमा सम्बोधन गरिएको छ। अनिल बुढामगरले निर्देशन गरेको फिल्म असार २८ गते रिलिज हुदै छ।

**आजको विचार...**



कृष्णप्रसाद पौडेल

माटो बिर्सेका...
*(दुई पेजमा)*

आगामी साउन ४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको 'अवार्डेड' फिल्म 'सतीदेवी'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'लैजा दैव फिर्ता लैजा' बोलको गीतले फिल्मकी मुख्य अभिनेत्री मलिका महतको पीडा र वेदना बोलेको छ ।



❐ वर्ष २९ ❐ अंक ३२४ ❐ २०८१ असार ९ गते आइतबार 23June 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### दिल्लीमा पानीको अभाव

**रासस/एएनआई**

**नयाँदिल्ली,** असार ८/गर्मीको समयमा सह र लगाता र तातो हुँदै जाँदा शनिबा र राजधानी दिल्लीका केही भागमा ट्याङ्क रबाट पानी ल्याउन मानिसहरूको लामो लाइन देखिएको थियो । गर्मीमा राजधानी दिल्लीमा पानीको अभावका का रण मयू र विहा र क्षेत्रका गाउँ, सञ्जय कलोनी, ओखला क्षेत्र र गीता कलोनीका मानिसहरू लाइनमा उभिए र क्यान र बाल्टी समाते र पानीको ट्याङ्क र व रिपरि र घुमि रहेको बिहानको दृश्यले देखाएको छ । बढ्दो तापक्रमको बीचमा, यी दृश्यहरू यो वर्षको गर्मी मौसम सुरु भएदेखि नै राजधानी क्षेत्रमा दैनिक घटना बनेका छन् । यसैबीच, पानी संकटमा राजनीतिक खिचातानी बीचमा, दिल्लीकी जलमन्त्री आतिशी शुक्रबा र ह रियाणा स रका रले दिल्लीको पानी नछोडेको आ रोप लगाउँदै अनिश्चितकालीन भोक हडतालमा बसेकी छन् । यसैबिच, दिल्लीका मुख्यमन्त्री अ रविन्द केज रीवालकी पत्नी सुनीता केज रीवालले न्यायिक हि रासतमा रहेका मुख्यमन्त्रीको सन्देश पढ्दै दिल्लीका जनता पानीको अभावबाट पीडित भएको देखे र अ रविन्द केज रीवाल दुःखी भएको बताइन् ।

# लुम्बिनी प्रदेशको बजेटप्रति चौतर्फी आलोचना

## आज बजेटमाथिको छलफल होला त ?

**रामचन्द्र रायमाझी**

**kfNf,** असार ८/आगामी आर्थिक वर्षका लागि लुम्बिनी प्रदेश सरकारले प्रस्तुत गरेको बजेटको चौतर्फी आलोचना भएको छ । पहुँच र प्रभावका आधारमा मनपरी बजेट बाँडेको, बजेट कृषि र पर्यटन क्षेत्र विरोधी भएको विचौलियाका माध्ययमबाट योजना विनियोजन भएको भन्दै चर्को आलोचना भएको हो ।

विहीबारदेखि प्रदेशसभामा बजेटमाथिको छलफल सुरु भए पनि प्रतिपक्षका दलहरुले आलोचना गरेका छन् । प्रदेशसभामा बोल्ने प्रतिपक्षी दलका सांसदमात्रै हैन, सत्तारूढ दलका केही सांसदले पनि बजेटको आलोचना गरेका छन् । पत्रकार, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधि पनि बजेटप्रति असन्तुष्टि व्यक्त गरिरहेका छन् । 'बजेट संघीयता विरोधी छ,'



शुक्राबारको प्रदेशसभा बैठकमा बोल्दै विपक्षी दलका नेता एवं पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले भने, 'भ्रष्टीकरण गर्ने यस्तो बजेटमाथि के छलफल गर्नु । काँग्रेस यो बजेटलाई अस्विकार गर्दछ ।' बजेट लज्जास्पद, हावादारी गफ, सदनलाई झुक्याउने बजेट ल्याइएको उनले बताए ।

नेता चौधरीले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेको सरकारले कृषिमा चालु वर्षको भन्दा ५८ करोड बजेट घटाएको, पर्यटनमा पनि बजेट घटाएको भन्दै विरोध गरेका थिए । किसानलाई समयमै मलबिउ पुऱ्याउन नसक्ने सरकार किसानमैत्री हुनै नसक्ने उनको तर्क थियो । उनले सरकारले प्रदेशको लोपोन्मुख समुदाय वादी, गन्धर्व, चमार, नटुवा जातिका लागि राखिएको बजेट पनि कटौती गरेको बताए । बाटो बनाएर मात्र संघीयता कार्यान्वयन नहुने भन्दै काँग्रेस बजेटको विपक्षमा उभिने उनले बताए । 'लुम्बिनीवासीलाई अपमानित गर्ने ढंगको बजेट ल्याइएको छ,' चौधरीले भने, 'प्रतिपक्षी दलको मौनतालाई कमजोरी ठान्यो यो सरकारले । संघीयता, कृषि र पर्यटनविरोधी यो बजेट सरकारका लागि गलपासो हुनेछ ।' काँग्रेसको अवरोधका कारण प्रदेशसभाको बैठक आजसम्मका लागि सूचना टाँसेर स्थगित गरिएको छ । आज हुने भनिएको बैंठकमा समेत छलफल हुन सक्ने सम्भावना कम देखिएको छ । यस्तै प्रदेश सरकारले ल्याएको बजेटप्रति पत्रकारहरुले समेत आलोचना गरेका छन् । सञ्चार सम्बन्धी बजेटप्रति प्रकाशन तथा प्रशारण संघ लुम्बिनीमा आवद्ध पत्रकारहरुले आपत्ति जनाएका हुन् । प्रदेश सरकारले असार १ गते प्रदेश सभामा पेस गरेको आगामी आर्थिक वर्षको सञ्चार बजेटमा विना मापदण्ड पहुँच र प्रभावका आधारमा मनपरी बजेट बाँडेको भन्दै संघले आपत्ति जनाएको हो । संघले एक विज्ञप्ति जारी गर्दै प्रदेशमा वर्षौंदेखि सञ्चालनमा रहेका सञ्चार गृहहरूलाई उपेक्षा गरी विभेदकारी ढंगले हचुवाको भरमा विनियोजन गरिएको बजेट पूर्णरुपमा खारेज गरी समानुपातिक हिसाबले वितरण गर्न माग गरेको छ । बजेट नसच्याए आन्दोलनमा जानुको विकल्प नभएको संघका अध्यक्ष नवराज कुँवर र महासचिव माधव नेपालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । 'विगतदेखि नै सञ्चार बजेटलाई समानुपातिक वितरणको माग गर्दै आएकोमा बेवास्ता गरी आफ्ना नजिक र गोजीका मिडियाहरूलाई विना आधार नागरिकको करबाट उठेको रकम मनलागी विनियोजन गरिनु एक प्रकारले नीतिगत भष्ट्राचार हो भन्ने हाम्रो ठहर छ,' विज्ञप्तिमा भनिएको छ ।

## आज विश्व एकल महिला दिवस



**पाल्पा,** असार ८/आज १४ औं अन्तर्राष्ट्रिय एकल महिला दिवस नेपाल सहित विश्वभर विभिन्न कार्यक्रम गरेर मनाईदैंछ । दिवसका अवसरमा देभका विभिन्न ठाउँमा एकल महिलाहरुको सम्मान र उनीहरुको वर्तमान अवस्था, अवसर र चुनौतिका बारे व्यापक छलफल हुने गर्दछ । सन् २०११ को तथ्यांकअनुसार नेपालमा कुल महिलाको जनसंख्यामध्ये ६ प्रतिशत एकल महिला रहेका छन् ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषणा गरेपछि सन् २०११ देखि दिवस मनाउन लागिएको हो । लाखौं एकल महिला र उनीहरुमा आश्रितले भोगिरहेको गरीबी र अन्यायलाई सम्बोधन गर्न राष्ट्रसंघले दिवस मनाउने निर्णय गरेको थियो । राष्ट्रसंघले श्रीमान गुमाएका, श्रीमान हराएका, सम्बन्ध विच्छेद गरेका र बिहे नगरी बसेका महिलालाई एकल महिला भनि उल्लेख गरेको छ ।

## ग्रामीण सडक कालोपत्र, मुख्य सडकको समस्या उस्तै

**गलकोट (बागलुङ),** असार ८/बागलुङमा ठूला राजमार्गसँग जोडिएका ग्रामीण सडक कालोपत्र भइसक्दा पनि जिल्लाका मुख्य सडक भने कालोपत्र हुन सकेका छैनन् । यहाँका तीन मुख्य सडक वर्षौंदेखि कालोपत्र हुन सकेनन् ।

विसं २०७२ मा कालोपत्र गर्न ठेक्का सम्झौता भएको मध्यपहाडी पुष्पलाल राजमार्ग अझै धुलाम्य अवस्थामा छ । गण्डकी प्रदेश सरकार अन्तरगतका चार सडक सम्पन्नको चरणमा छन् । एउटा सडक अझै अधुरै छ । गलकोटको हटियादेखि ताराखोला जोड्ने सडक, बागलुङ नगरपालिका-४ कुडुलेदेखि मालिका हुँदै पञ्चकोट पुग्ने सडक र ढोरपाटनदेखि म्याग्दी जोड्ने सडक निर्माण सम्पन्न भइसकेका छन् । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तरगत बागलुङ बजारदेखि घोडाबाँधे सम्मको २५ किमि सडक पाँच पटक म्याद थप्दासमेत सम्पन्न हुन



सकेको छैन । बागलुङ नगरपालिका-४ कुडुँलेदेखि मालिका हुँदै पञ्चकोट पुग्ने सडक सम्पन्न भएको छ ।

गलकोटको हटियादेखि ताराखोला जोड्ने सडक र ढोरपाटनदेखि म्याग्दी जोड्ने सडक कालोपत्र गरिएको छ । राङ्गानी-बरेङ सडकमा कालोपत्र गर्ने काम अन्तिम चरणमा छ । पछिल्लो तीन महिनायता ग्रामीण सडक ४० किमि कालोपत्र गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले ग्रामीण सडक धमाधम कालोपत्र गरिँदा मध्यपहाडी पुष्पलाल राजमार्गको बागलुङ सदरमुकाम खण्ड र राष्ट्रिय प्राथमिकताको आयोजनाको रुपमा रहेको शालझण्डी ढोरपाटन सडक र राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोर अझै कालोपत्र हुन नसक्नु दुःखद भएको बताए । 'कतै निर्माण व्यवसायीको लापरबाही त कतै सरकारले भुक्तानी नदिँदा ठूला सडक कालोपत्र हुन सकेका छैनन्', उनले भने । सिगानाको एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक र कालीगण्डकी करिडोरको बागलुङ खण्ड सरकारले भुक्तानी दिन नसक्दा कालोपत्र भएको छैन । कुश्मिसेरादेखि राङ्गानीसम्मको १० किमि सडक पनि अधुरै छ ।

विसं २०७२ मा दुई वर्षमा सक्ने गरी ठेक्का सम्झौता भए पनि पाँच पटकसम्म म्याद थप गर्दासमेत बागलुङ बजारदेखि बिहुँ खण्डको १३ किमि सडक ६ किमि मात्रै कालोपत्र भएको छ । बिहुँदेखि घोडाबाँधे सम्मको १२ किमि सडक कालोपत्र सम्पन्न नहुँदै ठेक्का रद्द गरेर नयाँ ठेक्का लगाइएको मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतका इञ्जिनीयर उज्जल शर्माले जानकारी दिए । उनले भने-'सम्झौताको नौ वर्षसम्म सडक कालोपत्र भएको छैन ।'

## सन्तोष चलचित्र मन्दिरमा...




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ
सुपरहिट नेपाली फिल्म चलचित्र '**आचार्य**' । साथै चलचित्र '**दान्भी**' पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

***आचार्य:*** *पहिलो शो : ११:३० बजे*
***दान्भी:*** *दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## एकल महिला दिवसको सार्थकता

नेपालसहित विश्वभर आज १४ औं अन्तर्राष्ट्रिय एकल महिला दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषणा गरेपछि सन् २०११ देखि यो दिवस मनाउन लागिएको हो । लाखौं एकल महिला र उनीहरुमा आश्रितले भोगिरहेको गरीबी र अन्यायलाई सम्बोधन गर्न राष्ट्रसंघले दिवस मनाउने निर्णय गरेको थियो । तर दिवस मनाउन थालेको पनि लामो समय हुँदा समेत एकल महिलाहरुको पीडा र समस्या उस्तै छ । अझै पनि नेपाली समाजमा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोण नकारात्मक नै छ । समाजले विदुर र विधुवा भनेर दिएको नामकै पछाडी पनि कयौं उपनामहरु जोडिएका हुन्छन् । जब कुनै महिलाले आफ्नो एकल अवस्थामा समाजमा जिउनका लागि प्रयास गरेकी हुन्छिन् उनका पछाडी धेरै कुराहरु उब्जने अनि उनलाई धेरैले औंला उठाउने काम गरेका हुन्छन् । विभिन्न लाञ्छना लगाउँदै जसरी महिलामाथि अपमान गरिन्छ त्यो सह्य हुँदैन । पितृसत्तात्मक सोचका कारण अझै पनि महिलामाथि विभिन्न प्रकारका हिंसाहरु हुने गरेका छन् । यो अत्यन्त दुखको कुरा हो । कुनै समय श्रीमानसँग बसेर एक्लिएका (विशेष गरी सम्बन्धविच्छेद भएका र विधवा) एकल महिलाहरुको पीडा सम्बोधन नै हुन नसक्नु दुर्भाग्य हो । पति बिछोडिनुको पीडा एकातिर हुन्छ, त्यसमाथि परिवार र समाजबाट सान्त्वना, सहयोग, मायाको बदला दुर्व्यवहार खेप्नुपर्ने वातावरणले एकल महिलाहरूको जीवन नारकीय बन्न पुग्नु राम्रो होइन । अझ उनीहरु परिवारबाटै अपमानित हुनु विडम्वनाको कुरा हो । यद्यपि एकल महिलाका पक्षमा केही कामै नभएको चाहिँ होइन । सरकारी सेवामा रहेका पतिको मृत्यु भएमा निजको निवृत्तिभरण, बिमा तथा अन्य क्षतिपूर्ति रकम पतिका नाममा रहेको सम्पत्ति पाउने, पतिबाट सम्बन्धविच्छेद हुनुपर्ने अवस्था आएमा पनि महिलाले अंश लिई अलग हुन पाउने र स्वेच्छामा विवाह गर्न पाउने अधिकार कानुनले दिएको छ । एकल महिलालाई सामाजिक सुरक्षा भत्तामा समावेश पनि गरिएको छ । तथापि, कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । एकल महिलाप्रति समाजमा विद्यमान कुरीतिको अन्त्य, विभेदपूर्ण व्यवहार, संस्कार जरैदेखि उन्मूलन हुनुपर्छ । धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले कोही एकल महिला पीडित बनिरहेकै छन् भने त्यस्तो अवस्थाको अन्त्यका लागि सरकार कठोर बन्नुपर्छ । यति हुन सके मात्र साँचो अर्थमा एकल महिला दिवस मनाउनुको सार्थकता रहन्छ भने उनीहरुप्रति सम्मान हुन सक्छ ।

## Opinion @ Social Network

दुनियाको प्रगति देखि कहील्य डाँहा भएन,
अरुको प्रगतिको सामु आफ्नो प्रगति कहील्य आहा भएन् ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट https://www.facebook.com/manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माटो बिर्सेको सरकार



कृष्णप्रसाद पौडेल

हाम्रो जीवनको मूल आधार रहेको माटोको जीवन्त हैसियत निरन्तर खस्कँदो छ । अहिले नै, संसारभरिकै ४० प्रतिशत माटो खोतीयोग्य छैन । सबैतिर माटो मर्ने क्रम तीव्र भएको छ । यदि यस्तै अवस्था रहेमा सन् २०५० सम्ममा सतहको ५० प्रतिशत माटो मरुभूमि भइसक्ने आकलन छ । अहिलेसम्म नेपालको कति प्रतिशत माटो मरुभूमीकरण भयो यसको यकिन कुनै तथ्यांक नभए पनि वन फडानी, कृत्रिम रसायन र विषादीमा आधारित भएर गरिएको एकल र सफा खेतीका कारण बर्सेनि लाखौं टन मलिलो माटो हाम्रो खेतबारीबाट पलायन भएको छ । यस्तो अवस्थामा कृषिको उत्पादन र उत्पादकत्व बढाउन माटो जोगाउनु अहिलेको नीति तथा कार्यक्रम र बजेटको मुख्य प्राथमिकता हुनुपर्ने हो । तर यी कुनैले पनि यसतर्फको बाटो तय गरेको छैन । उल्टै, सरकार र सरोकारवालाले रोमन साम्राज्यको निरो र उसका पाहुनाले कैदी जलाएर त्यसैको रापतापमा भोजभतेर गरे जस्तै कृषियोग्य माटो मार्ने कृत्रिम रसायन र विषादीको वर्षा गराउँदै कृषि सपार्ने धुन अलापेका छन् । उदेकलाग्ने कुरा त के छ भने कृषिलाई प्राथमिकतामा राखेको दाबी गरिएको अर्थमन्त्रीको बजेट भाषणमा कृषि कर्मको मूल आधार माटो भन्ने शब्दसम्म परेको छैन । यसले सरकार र यसका सरोकारवालाको कृषि रूपान्तरण, कृषि लगानी दशक र आत्मनिर्भर कृषि चेतनाको औकात र स्तर उजागर भएको छ । आउनुहोस् आज यसैका वरिपरि चर्चा गरौं ।

**जीवन्त माटो जीवनको आधार**

पृथ्वीको सतहको माटो नै स्थलचर सबै जीवनको मूल आधार हो । यस्तो जीवन्त माटोले नै पृथ्वीको सतहमा रहने सबैको जैविक जीवनचक्र सम्भव भएको हो । सतहको माटो खनिज तत्व, प्रांगारिक पदार्थ, हावा, पानी र यसमा रहने असंख्य जीव र तिनका अवशेषको अन्तरसम्बन्धबाट जीवन्त हुन्छ ।

प्राकृतिक अवस्थामा रहेको प्रांगारिक पदार्थ 'ह्युमस' मा रहेको कार्बन र नाइट्रोजन लगायतका बोटबिरुवालाई चाहिने अन्य खनिज तत्व एकापसमा जोडिने र टुक्रिने प्रक्रियामा माटोमा हुने सूक्ष्म जीवका जैविक गतिविधि ऊर्जा चक्र बनाइराख्न महत्वपूर्ण छन् । यस्तो जैविक प्रक्रियाले नै माटोको भौतिक, रासायनिक र जैविक गुण निर्धारण हुन्छ । योसँगै माटो बन्ने प्रक्रियामा वातावरणीय र भूबनोटको समेत प्रभाव रहेको हुन्छ । यसरी माटोदेखि बोटबिरुवाको खाना बन्ने र वृद्धि विकास हुने चक्रीय प्रणालीले स्थलचर क्षेत्रको जैविक विविधता र प्राकृतिक चक्रीय प्रणाली व्यवस्थित भएको हुन्छ । यिनको आपसी अन्तरक्रियाले माटोमा जैविक र रासायनिक प्रक्रियालाई सक्रिय बनाउँछ जसले बोटबिरुवा र अन्य जीवमा रहेको हरितकोषमा सौर्य ऊर्जाको सहायताले हावामा रहेको कार्बनडाइअक्साइडबाट कार्बन तत्व टुक्र्याउने प्रक्रिया सुनिश्चित गर्छ । यो क्रिया प्रतिक्रियाका लागि चाहिने नाइट्रोजन र अन्य खनिज तत्व माटोबाट प्राप्त हुन्छ । यो नै सम्पूर्ण जीवन ऊर्जाको स्रोत हो । यसरी हेर्दा, मानिस र अन्य सबै जीवनको खानाको मुख्य स्रोत यही माटोमा हुने जैविक ऊर्जा चक्रमा निर्भर छ । मानिसको मात्र कुरा गर्ने हो भने ९५ प्रतिशत खाना यही माटोमा उब्जाउने हो । नेपाल जस्तो भूपरिवेष्ठित देशको खानाको शतप्रतिशत निर्भरता यही माटोमा रहेको छ । माटोको सारथि सूक्ष्म जीवको बासस्थान सतहको माटो मरेसँगै खानेकुराको बन्दोबस्त गर्ने हाम्रो खेती प्रणाली चौपट भएको छ । उत्पादन र उत्पादकत्व घट्दै गएको छ ।

**माटो किन र कसरी मर्दैछ ?**

नाफा मात्र कमाउने औद्योगिक उत्पादनमा संलग्न व्यापारीको आँखा खानाका लागि गरिने खेतीपातीमाथि परेसँगै माटो मर्ने क्रम सुरु भएको हो । आम मानिसको खानाको नियन्त्रण गर्न सके आफ्नो नाफा बढ्ने देखेका व्यापारीले सबैभन्दा पहिले खानाको बन्दोबस्त गर्ने सदियौंदेखि चलिआएको स्थानीय कृषि प्रणालीमा हस्तक्षेप गरे । यसका लागि बोटबिरुवालाई चाहिने पोषणभरण गर्न कृत्रिम रूपमा तयार गरिएका खाद्यतत्व खासगरी एमोनिया 'नाइट्रोजन' मलको प्रयोग रैथाने बालीहरूमा गरियो । यसको प्रयोगले क्षणिक समयका लागि उत्पादन बढ्ने कुरा स्वाभाविक छ । यसैलाई आधार बनाएर यसको व्यापार गरी नाफा बढाउने क्रम निरन्तर चलिरह्यो । झन् विज्ञान हैन माटो मार्ने प्रविधि उन्नत बनाइएका छन् । यसका लागि माटोमा चाहिने खाद्यतत्वमा बाह्य नियन्त्रण र सँगसँगै खेतीपातीमा यान्त्रीकरणले स्थान लियो । यसले रैथाने एकीकृत र मिश्रित खेतीलाई एकल र सफा खेती प्रणालीतर्फ उन्मुख गरायो ।

जैविक विविधता बेवास्ता गरिएको यस्तो एकल खेतीमा रोग कीराको प्रकोप बढ्यो । जसले रोगजन्य जीवाणु र कीराको प्राकृतिक नियन्त्रण सम्भव भएन । यिनलाई नियन्त्रण गर्न भन्दै विषादीको वर्षा गराइयो । यो माटो र बोटविरुवामा आश्रित शाकाहारी र मांसाहारी जीवाणु र कीराको प्राकृतिक चक्र बिथोल्ने कुकर्म थियो । यसले प्राकृतिक सन्तुलन नै खल्बलिन गयो । अहिले यो माटो मार्ने नियोजित कर्म नै आधुनिक कृषि भनेर प्रायोजित भइरहेको छ । यसरी माटो मार्ने अभ्यासले बालीनालीको उत्पादन र उत्पादकत्व घटिरहेको छ तर यसलाई सच्याउनुको साटो कृत्रिम रसायनको प्रयोगलाई प्रभावकारी बनाउन भन्दै बालीनाली, बोटबिरुवा र वस्तुभाउको गुण परिवर्तन गरिँदै आएको छ । यो आनुवंशिकी विज्ञानको आविष्कारको दुरुपयोग गरी आनुवंशिक अभियन्त्रण गर्ने व्यापारिक प्रबन्ध हो । यसले रैथाने बालीनाली तथा बस्तुभाउ मात्र नभई समग्र जैविक जगतको विविधतामा बाह्य नियन्त्रण बढ्दै गएको छ ।

अहिले यस्तो प्रविधि रोग तथा कीरा नियन्त्रण गर्न समेत प्रयोग भइरहेको छ । यस्तो नियन्त्रणले एकातिर कृत्रिम रसायन, विषादी, हर्मोन र खनिज तत्वको बाह्‍य आपूर्ति र किसानको बीउको उनीहरूको नियन्त्रण भन्दा बाहिर गएको छ । यी सबै नाफा बढाउन खेतीपातीमा गरिएका हस्तक्षेपले अन्तत: जीवन्त माटोको मरुभूमीकरण भइरहेको छ । यी सबैका कारण, माटो मर्ने क्रमसँगै समग्र जैविक क्षेत्रको क्षयीकरण तीव्र भएको छ । प्रांगारिक पदार्थ नहुँदा माटोमा रहेको खनिज, हावापानी र सूक्ष्म जीवबीचको अन्तरसम्बन्धको जालो भत्किँदै गएको छ । मुख्यत: कृत्रिम रसायन, विषादी, जलवायु परिवर्तन र अन्य वातावरणीय ह्रासले माटोमा प्रांगारिक पदार्थ घट्दै गएको छ । यो नै माटोमा हुने असंख्य सूक्ष्म जीवको वासस्थान हो । यिनको वासस्थान भत्केसँगै माटो मर्ने र बोटबिरुवाले खाना बनाउने चक्र विघटित भएको छ । माटोमा रहेका सूक्ष्म जीव विना बोटबिरुवाले खाना बनाउन सक्दैनन् । हामी अहिले यो आधारभूत सत्यबाट भागेर नाफा मात्र कमाउने धूर्तहरूको फन्दामा परेका छौं । त्यसमाथि थपिँदै गएको जलवायु संकटले सबैलाई आतंकित बनाएको छ । यी सबैका कारण आम किसान अब खेतीपाती सम्हाल्न नसक्ने देखेर जमिन बाँझो छोडेर पलायन भइरहेका छन् । सरकार भने यसैको रमिते बनेर बसेको छ ।

**माटो बचाउने के पहल छ त ?**

माटोको मरुभूमीकरण भइरहेको कुराले आसन्न खाद्य संकटको अग्रिम जनाउ दिएको छ । जलवायु परिवर्तनको सम्बोधनसँगै माटो जोगाउन सबै तहमा प्रयास गरिनुपर्ने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा चासोको साथ उठाइएको छ । खनिज ऊर्जा, कृत्रिम रसायन र विषादि छोडेर पुन: उत्पादनशील जैविक खेतीतर्फ फर्किनुको विकल्प नभएको कुरा आम बहसको विषय बनेको छ । मुख्यत: माटो बचाउन प्रांगारिक पदार्थ बढाउनुपर्ने कुरालाई प्राथमिकता साथ उठाइएको छ । जलवायु परिवर्तन र वातावरणीय ह्रासको मूल कारण हरितगृह ग्याँस घटाउन हरित पुन: भण्डारणमा जोड दिइएको छ । माटोलाई जीवित राख्न माटोमा जैविक तत्व पुन: भण्डारण, पुन: उत्पादन, जैविक विविधता संरक्षण र माटो तथा पानी चक्रको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरेर मात्र सम्भव हुन्छ । यसका लागि बोटविरुवा र वस्तुभाउका अवशेषलाई जतनका साथ माटोमै मिलाएर पुनर्भरण गर्ने, मिश्रित बाली तथा एकीकृत खेती प्रणाली अपनाएर पुनरुत्पादन गर्ने, कृषि वनको अन्तरसम्बन्धलाई सुदृढ बनाउने, माटो तथा पानी संरक्षण गर्न गरा, बाँध र छेकबार लगाउने, माटोमा प्रांगारिक पदार्थ, खनिज र सूक्ष्म जीवको गतिविधि बढाउन जैविक मल, कम्पोष्ट, छापो जस्ता विधिहरू अवलम्बन गरेर सजिलै गर्न सकिन्छ । तर समाजवाद उन्मुख संविधान बनाएको राज्य, पार्टी र सरकारसँग नेपालको माटो बचाउने दूरदृष्टि र ढाँचा नै छैन न त माटो मार्नेलाई दण्डित गर्ने कानुनी व्यवस्था । आवधिक योजना, नीति र बजेटमा समेत यी कार्य गर्ने कुनै प्रस्ताव नगरिनुले यस्तो संवेदनशील प्रश्नमा यी कोही पनि गम्भीर नभएको प्रष्ट हुन्छ । आवधिक योजनामा जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र, उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता वृद्धि जस्ता शब्दजालले भरिभराउ अमूर्त कार्यदिशा प्रस्तुत गरिएको छ । माटो बचाउन नसके कसरी जैविक विविधता र जलवायु परिवर्तन सम्बोधन हुन्छ ? भन्नेसम्म हेक्का नगरिएका दस्तावेजले उनीहरूको यी विषयमा ज्ञानको सीमा देखाएको छ । यही हविगत वार्षिक नीति तथा कार्यक्रमको छ ।

जीवन्त माटो नै दिगो कृषि प्रणालीको मूल आधार हो भन्न समेत हिच्किचाएको यो सरकारका राष्ट्रपतिले वाचन गरेको नीति तथा कार्यक्रममा जैविक कृषिको एउटा वाक्यांश राखेर वैतरणी तर्ने लघुताभासबाट ग्रसित छ । राष्ट्रपतिको र अर्थमन्त्रीको पट्यारलाग्दो लामो भाषणमा माटो बचाउने कुरा त परै जाओस् एक शब्दसम्म कतै परेको छैन । उल्टै, सबै दस्तावेजमा माटो मार्ने कृत्रिम रसायनलाई प्रभावकारी बनाएर माटो थप मार्ने जिद्दी प्रस्तुत गरिएको छ । यसका लागि विभिन्न शीर्षकमा बजेट छुट्याइएको छ । विडम्बना, बजेटले माटो मार्ने कृत्रिम रसायन खरिद गर्न मात्र नेपालीको रगत-पसिनामा उठाएको कर र यिनैलाई ऋणको भारी बोकाएर २७ अर्ब छुट्याएको छ ।

**अब के ?**

माटो जस्तो जीवनको मूल आधार बचाउन विवेकशील किसानले आफू सक्दो गरेकै छन् । उनीहरूलाई सघाउन यसका जिम्मेवार र प्रतिबद्ध जमातले हर सम्भव प्रयत्न गरुन् । संघीय सरकारले प्रस्तुत गरेको नीति, योजना, कार्यक्रम र बजेटले माटो बचाउन सम्भव छैन भन्ने कुराको हेक्का राख्दै यसलाई सच्याउन यसको छलफलमा रहेका सांसदहरूले पहल गरुन् । साथै, नीति कार्यक्रम र बजेट बनाउँदै गरेका प्रदेश र स्थानीय सरकारले जीवन्त माटोको मर्म आत्मसात् गरेर यसलाई जोगाउन नीति र कार्यक्रम बनाउने पहल गरुन् । अरू सबैले माटो मारेर समृद्धि भित्र्याउन गरिने कृषि क्षेत्रको रूपान्तरणले हामीलाई कहाँ पुऱ्याउँछ ? बहस, संवाद र दबाब सृजना गरुन् । यसले केही फरक पर्ला कि ?

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोगले जटिल काम सम्पन्न हुनेछ । | **तुला** : साँझमा शुभ समाचार मिल्नेछ,। शेयर बजारले साथ दिनेछ । |
| **वृष** : तनाव बढेको महसुस हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । | **वृश्चिक** : सभासमारोहमा सरिक हुने समय छ । अध्यात्मको भावना बढ्नेछ,। |
| **मिथुन** : परिश्रमअनुसार उपलब्धि राम्रै पाइनेछ । चिताएको काम पुरा हुनेछ । | **धनु** : समय मध्यम खालको रहनेछ । संयमता अपनाउनु नै बुद्धिमानी हुनेछ । |
| **कर्कट** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । आफन्तसँग मनमुटाव बढ्ला । | **मकर** : दबाब बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । |
| **सिंह** : सामान हराउन पनि सक्नेछ । दबाब र तनाव बढेको महसुस हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । स्वास्थ्य सबल रहने छ । |
| **कन्या** : आफु कमजोर भएको अनुभूति हुनेछ । आफन्तसँग मनमुटाव बढ्ला । | **मीन** : रमाइलो यात्राको सम्भावना छ । रोकिएका कामहरू पुरा पनि हुनेछन् । |

कृषि

# सडक सुविधा नहुँदा बारिमै कुहिन्छ गुर्जाको आलु



आलु,जडिबुटी, वन पैदावर र खानीजन्य पदार्थले सम्पन्न म्याग्दीको अति दुर्गम गाउँ गुर्जामा सडक सुविधा नहुँदा स्थानीय उत्पादन तथा प्राकृतिक स्रोतहरु अलपत्र परेका छन् । समुद्री सतहदेखि तीनहजार दुईसय २० मिटर उचाइमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिका वडा नं १ पर्ने गुर्जा गाउँलाई अहिलेसम्म पनि सडक संजालले छोएको छैन । यहाँका किसानले उत्पादन गरेको लेकाली स्वादिलो आलु सडक सुविधाको अभावमा विक्रीका लागि बजारसम्म पुऱ्याउन नसक्दा बारीमा नै कुहिने गरेको छ । हरेक वर्ष किसानले उत्पादन गरेको आलु बजारसम्म पुऱ्याउन नसक्दा बारीमा नै कुहिने गरेको धवलागिरि गाउँपालिका वडा नं १ गुर्जाका वडाअध्यक्ष झकबहादुर छन्त्यालले बताए । सडक संजालको पहुँच नहुँदा यहाँ खच्चडबाट ढुवानी गर्नु पर्ने वाध्यता रहेको छ । खच्चडबाट ढुवानी गर्दा महंगो पर्ने र आलु विक्रि गरेर प्राप्त हुने रकम ढुवानीमा नै खर्च हुने हुँदा किसानले बारीमा लगाएको र खाएर बचेको आलुलाई खेतबारी र घर धन्सारमा नै कुहाउन वाध्य भएका वडाअध्यक्ष छन्त्यालको भनाइरहेको छ । घरायसी प्रयोजन बाहेक विक्रीका लागि लगाइएको आलु बारीमा नै कुहेको गुर्जाका कृषक तुलसी छन्त्यालले बताईन । 'उत्पादन भएको आलु बजारसम्म पुऱ्याउन नसक्दा बारीमा नै कुहाउन वाध्य छौँ, ढुवानीमा अनुदानको व्यवस्था गरिदिए हामीलाई सजिलो हुनेथियो' छन्त्यालले भनिन्न । गुर्जा गाउँमा दुई सय ६० घरधुरी रहेका छन् । यहाँका प्राय: सबैजनाले आलुखेती गर्ने गर्दछन् । उत्पादित आलु खाद्यान्न र अन्य सामान बोकेर गाउँमा जाने खच्चड वा भरिया मार्फत ढुवानी गरेर बजारसम्म पुर्याउँदा महंगो पर्ने र विक्री नहुने समस्या रहेको स्थानीयले बताएका छन् ।

**आलु उत्पादनमा बृद्धि विक्री नहुँदा समस्या :** म्याग्दीमा उत्पादित आलुले बजार नपाउँदा किसान समस्यामा परेका छन् । पश्चिम म्याग्दीका मालिका, मङ्गला र धौलागिरि गाउँपालिकाका प्रत्येक व्यक्तिको घरमा यतिबेला खनेको आलु थुपारिएको छ । बारीमा पनि आधाभन्दा बढी आलु खन्न बाँकी छ । अहिलेसम्म कतैबाट पनि आलुको माग नआएको किसानले बताएका छन् । जिल्लाका लेकाली क्षेत्रमा फलेका वर्षे स्वादिष्ट बिक्री नहुँदा किसान मारमा परेका हुन् । यस ठाउँमा मकैपछिको दोस्रो प्रमुख बालीका रूपमा उत्पादन हुने आलुले बजार नपाउँदा आलु कुहिन्छ कि भन्ने पिरले आफूहरूलाई सताएको मालिका-२ रुमकी टेकसरा बूढाले बताए । म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज आलुको उत्पादन यस वर्ष बढेको छ । गत वर्षको तुलनामा छ दशमलव ३६ प्रतिशतले आलुको उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ । आलुको उत्पादन बढे पनि बिक्री हुन नसक्दा समस्या भएको किसानको गुनासो छ । विगतका वर्षहरुमा जिल्लामा उत्पादित आलुमध्ये ७० प्रतिशत अथवा एक हजार मेट्रिक टनभन्दा बढी आलु निकासी हुने गरेको कृषि ज्ञान केन्द्र म्याग्दीको तथ्याङ्क छ । प्रतिकिलो रु ५० देखि रु एक सय सम्ममा कृषकले आलु बेच्ने गरेका थिए । व्यापारीले अग्रिम पेस्की दिएर बारीमा नखन्दै आलु खरिद गर्ने गर्दथे तर यस वर्ष भने प्रतिकिलो रु ३५ मा आलु दिँदा पनि बिक्री हुन नसकेको मङ्गला-४ का तीर्थबहादुर पुनले बताए । जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, नीलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रघुगङ्गा-६, ७ र ८ र अन्नपूर्ण-५, ६, ७ र ८ नं वडामा गत आर्थिक वर्षदेखि व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र 'जोन' कार्यक्रम सञ्चालन गरेको छ । स्थानीय तहले आलु खेतीको पकेट क्षेत्र, कृषि ज्ञान केन्द्रले बल्क र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आलु जोन कार्यक्रममार्फत आलु खेती विस्तार गरेका छन् ।

कृषि ज्ञान केन्द्रमार्फत पाँच सय रोपनी जमिनमा आलु खेतीको कार्यक्रम सञ्चालन गरिएको थियो । अन्नपूर्ण गाउँपालिको शिख, घार, राम्चे र हिस्तान, रघुगङ्गाको पाखापानी, ठाडाखानी, चिमखोला र कुइनेमङ्गले, कुइने मङ्गलाको हिँदी, झाँक्रीपानी, किमचौर र टोड्के, मालिकाको बिम र दिच्याम, धौलागिरिको गुर्जा र मरेनी तथा बेनीको भकिम्ली र डडुवा आलु उत्पादन हुने पकेट क्षेत्र हुन् । नागी राम्चेबाट वार्षिक रु दुई करोड मूल्य बराबरको आलु निकासी हुने गरेको छ । उच्च पहाडी क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु पोखरा, काठमाडौंलगायत बजार क्षेत्रमा निकासी हुँदै आएको छ । जिल्लाबाट वार्षिक रु छ करोडभन्दा बढी मूल्यको आलु निकासी हुने केन्द्रको तथ्याङ्क छ । कृषि ज्ञान केन्द्रमार्फत यसअघि रघुगङ्गा-८ कुइनेमङ्गले र मङ्गला-३, ४ र ५ मा आलुको व्यावसायिक उत्पादन केन्द्र सञ्चालन भएको थियो । मालिका-६ दिच्याम र ७ बिमलाई आलु बल्क कार्यक्रममा समावेश गरिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# खडेरीले खेतबारीमै सुक्न थाल्यो बाली



खडेरीका कारण खेतबारीमै बाली सुक्न थालेपछि यहाँका किसान चिन्तामा परेका छन् । किसानका लागि यो याम कोदोदेखि अन्य बाली लगाउने समय हो । तर समयमै वर्षा नहुँदा अहिलेसम्म खेतबारीमा कोदो लगाउन नसकिएको तिला गाउँपालिका-१ का स्थानीय किशोर रावतले बताए । 'पानी परेको छैन, खेतबारी सुक्खा छन् । सिँचाइको कुनै सुविधा छैन । यसपाली असार लागे पनि खेतीपातीको काम भएको छैन ।

गाउँमा खाद्यन्न सट्टा आउने हो कि भन्ने चिन्ता थपिएको छ', उनले भने । उनका अनुसार गतवर्ष समयमै पानी पर्दा कोदो र सिमीको उत्पादन राम्रो भएको थियो । यस वर्ष वर्षा नहुँदा कृषि उत्पादनमा ह्रास आउन सक्ने उनले बताए । विषेशगरी यहाँका किसानले हिउँदे याममा लगाएका नयाँ स्याउका बिरुवामा खडेरीका कारण क्षति पुगेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय एकाइ जुम्लाका कृषि अधिकृत खेमराज शाहीले जानकारी दिए । हिउँद याममा राम्रोसँग हिमपात र वर्षा नभएपछि गहुँ, जौलगायत हिउँदेबाली पनि राम्रोसँग उत्पादन नभएको हिमा गाउँपालिका- ४ का किसान रतन रोकायाले बताए । जिल्लाका अधिकांश ठाउँमा सिँचाइ सुविधा पुगेको छैन । वर्षा नभएको खण्डमा यो वर्ष जिल्लामा खाद्यन्नबालीदेखि स्याउ उत्पादनमा कमी आउनसक्ने कृषि विकास कार्यालय जुम्लाले जनाएको छ ।

जिल्लामा हालसम्म १६ हजार घरधुरी स्याउखेतीमा आबद्ध रहेको कार्यालयले जनाएको छ । यहाँका किसानको आम्दानीको मुख्य आयस्रोत नै स्याउखेती हो । पछिल्लो समयमा स्याउ खेतीको बीमाको महत्वबारे जानकार भएपछि जिल्लाका आठवटै स्थानीय तहका करिब ८० प्रतिशत स्याउ किसानले बीमा गरेको जनाइएको छ ।

**पानी अभावले रोपाइँमा समस्या**

असार धान रोप्ने महिना हो । विगतका वर्षमा जेठको अन्तिमसम्म प्राय:जसो जिल्लामा खेतमा रोपाइँ भइसकेको हुन्थ्यो । तर यसवर्ष पानी नपर्दा यहाँको हिमा, तिला गाउँपालिका किसानले रोपाइँ गर्न पाएका छैनन् । पानी समयमै नपर्दा खेतीयोग्य जमिनमा नै धान रोप्न नसकिएको हिमा गाउँपालिका-४ का स्थानीय माया रोकायाले जानकारी दिइन । सिँचाइ पुगेका खेतबारीमा रोपाइँ सम्पन्न भइसकेको छ । अकाशे पाानीको भरमा परेका किसानका लागि यो वर्ष खेतमा रोपाइँ हुने नसकेको किसान बताउँछन् । *-रासस*

# हिलापोखरीमा सिँचाइ आयोजनाको पक्की नहर



आयोजनामार्फत पक्की नहरको अतिरिक्त ४८ मिटर पाइपलाइन जडान गरिएको छ । उपभोक्ता समितिका सचिव फिरोज घर्तीमगरले स्थानीय मजदुर परिचालन गरेर सिँचाइ आयोजना निर्माण गरेको जानकारी दिए । घरधुरी २० भन्दाबढी कृषकको दुई सय रोपनी बढी खेतबारी र बगैँचामा सिँचाइ गर्न सहज भएको छ । यसअघि खोल्साको पानी कच्ची नहरबाट बगाउँदा चुहिने र भासिने समस्या थियो । सिँचाइ अभावमा आकाशे पानीकाभरमा एक बाली मात्र लगाउने गरिएको थियो । सिँचाइ सुविधा भयो भने बाह्रै महिनाखेती लगाउन सकिने भएको छ । खानेपानी जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत चालु आर्थिक वर्ष म्याग्दीमा ६० सिँचाइ आयोजना सञ्चालन भएको कार्यालय प्रमुख झलकमोहन ओझाले बताए ।

म्याग्दीको धवलागिरि गाउँपालिका-७ हिलापोखरीमा सिँचाइ आयोजना निर्माण भएको छ । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीले उपभोक्ता समितिमार्फत हिलापोखरीमा सिँचाइ आयोजना निर्माण गरेको हो । उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेलले तीन सय ६० मिटर लामो पक्की नहर निर्माण गरिएको जानकारी दिए । 'च्युरीबोटस्थित घट्टेखोला हुँदै २५ मुरेसम्म तीन सय ४९ मिटर लामो पक्की नहर बनाउने लक्ष्य रहेकामा सोभन्दा बढी बनाएका छौँ', उनले भने, 'गत वैशाख महिनादेखि थालिएको नहर निर्माणको काम यसै साता सकिएको हो ।' यस योजना निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु १५ लाख बजेट विनियोजन गरेको छ । आयोजनामार्फत पक्की नहरको अतिरिक्त ४८ मिटर पाइपलाइन जडान गरिएको छ । उपभोक्ता समितिका सचिव फिरोज घर्तीमगरले स्थानीय मजदुर परिचालन गरेर सिँचाइ आयोजना निर्माण गरेको जानकारी दिए । घरधुरी २० भन्दाबढी कृषकको दुई सय रोपनी बढी खेतबारी र बगैँचामा सिँचाइ गर्न सहज भएको छ । यसअघि खोल्साको पानी कच्ची नहरबाट बगाउँदा चुहिने र भासिने समस्या थियो । सिँचाइ अभावमा आकाशे पानीकाभरमा एक बाली मात्र लगाउने गरिएको थियो । सिँचाइ सुविधा भयो भने बाह्रै महिनाखेती लगाउन सकिने भएको छ । खानेपानी जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत चालु आर्थिक वर्ष म्याग्दीमा ६० सिँचाइ आयोजना सञ्चालन भएको कार्यालय प्रमुख झलकमोहन ओझाले बताए । बादुक र घारेनी कोत्रवाङ सिँचाइ आयोजनाको बहुवर्षीय ठेक्का आह्वान गरेको र अन्य आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएको बताए ।

*-रासस*

# किसानलाई उन्नत जातका बाख्रा वितरण



इलाम जिल्लाको माङसेबुङ गाउँपालिकाले ग्रामीण किसानको जीवनस्तर उकास्न बाख्रा वितरण गरेको छ । माङसेबुङ गाउँपालिकाले बिहीबार वडा नं ४ का तीनवटा बाख्रापालन समूहलाई ७८ वटा उन्नत जातका पाठी र छवटा जातका 'ब्याडे बोका' वितरण गरेको हो । कोशी प्रदेश सरकारको बाख्रापालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत सरकारको अनुदान र २५ प्रतिशत किसानको लागत साझेदारीमा बाख्रा वितरण गरिएको माङसेबुङ गाउँपालिका ४ नं वडाध्यक्ष नवीन लिम्बूले बताए । उक्त कार्यक्रम अन्तर्गत सो वडाका सगरमाथा बाख्रापालन समूह, सरस्वती बाख्रापालन समूह र मिलीजुली बाख्रापालन समूहले प्रति समूह २६ वटाका दरले ७८ वटा उन्नत जातका पाठी र प्रतिसमूह दुईवटाका दरले छ वटा ब्याडेबोका पाएका छन् ।

प्रत्येक समूहमा १३ जना किसान आबद्ध छन् । बाख्रापानल प्रवर्द्धन कार्यक्रमअन्तर्गत समूहमा आबद्ध किसानले खोर निर्माण, घाँसखेती व्यवस्थापनलगायत पशुपालनका निम्ति आवश्यक काम गरेका छन् । किसानलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा रु ३० लाख प्रदेश सरकारबाट प्राप्त भएको थियो भने रु १० लाख तीनवटा बाख्रापालन समूहको लागत साझेदारी रहेको थियो । 'ग्रामीण क्षेत्रका किसानलाई बाख्रापालनमा प्रोत्साहन गर्ने र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने योजनाअनुरुप सञ्चालित कार्यक्रमले किसानमा उत्साह थपेको छ', वडा अध्यक्ष लिम्बूले भने 'यस्ता कार्यक्रम शून्य लागत सहभागितामा बढाउन सके किसानको आयमा वृद्धि हुने थियो ।'

*-रासस*

# जोगवाणीका बालबालिकालाई झोला

कृष्ण पोखरेल

**पाल्पा,** असार ८/जिल्लाको रैनादेवी छहरा गाउँपालिका -३ भुवनपोखरी अमिलेको जोगवाणी माध्यमिक विद्यालयका बालवालिकाहरुलाई झोला वितरण गरिएको छ ।




नेपाल टेलिकमले विद्यालयका कक्षा ८ देखी १० सम्मका ९० जना विद्यार्थीहरुलाई किताब, कापी, बोक्ने झोला वितरण गरेको हो । टेलिकम प्रादेशिक कार्यालय भैरहवाले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बालबालिकाहरुलाई झोला दिएको हो । टेलिकमले ५० हजार मुल्य बराबरको झोला वितरण गरिएको जनाएको छ । विद्यालयमा अध्यनरत दलित, सिमान्तकृत, कुमाल, जनजाती विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिएको, विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई नेपाल टेलिकमको सिमकार्ड समेत वितरण गरिएको कार्यक्रम संयोजक सिता सुवेदीले बताईन् । कार्यक्रममा नेपाल टेलिकम पाल्पाका प्रमुख ईन्जिनियर राकेश पाण्डेले नेपाल टेलिकम गाउँ-गाउँमा सस्तो दरमा मोवाईल तथा इन्टरनेट सेवा पुर्‍याउन निरन्तर लागि परेको बताए । नेपाल टेलिकम एउटा सरकारी स्वामित्वमा रहेको दुरसञ्चार कम्पनी भएकाले जनतालाई सहुलियत दरमा सेवा पुर्‍याउनको लागि नाफा घाटा भन्दा सेवाको भावनाले काम गर्दै आएको ईन्जिनियर पाण्डेले बताए । टेलिकम प्रादेशिक कार्यालय भैरहवाकी व्यापार अधिकृत सिता सुवेदीले नेपाल टेलिकमले सामाजिक उत्तरदायित्व अर्न्तगत देशभरी नै विभिन्न सामाजिक कामहरु गर्दै आएको बताईन् । टेलिकमले वार्षिक रुपमा सामाजिक क्षेत्रमा बजेट विनियोजन गरेर विभिन्न विद्यालयमा पुगेर गरिब असाहयहरुको लागि विभिन्न सहयोग गर्ने, विभिन्न किसिमका शिविरहरु सञ्चालनमा सहयोग गर्ने, अपाङ्ग, जेष्ठ नागरिकहरुलाई विभिन्न किसिमको सहयोग गर्ने जस्ता कामहरु गर्दै आएको व्यापार अधिकृत सुवेदीले बताईन ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कर्णबहादुर कुमालले जोगवाणी विद्यालय नै छनौट गरेर विद्यालयका बालबालिकाहरुलाई झोला सहयोग गरेकामा टेलिकमप्रती धन्यवाद दिंदै यो अभियानले विद्यार्थीहरुमा हौसल्ला बढेको बताए । कार्यक्रममा शिक्षाविद् माधव प्रसाद पौडेलले ग्रामीण भेगका यस्ता विद्यालयमा गरेको सहयोग जीवन्त रहने बताए । आगामी दिनमा पनि पढ्ने इच्छा भएका तर आर्थिक तथा घरायसी कारण पढ्न नपाएका विद्यार्थीहरुलाई केन्द्रित गरेर सहयोगको कार्यक्रम ल्याउन टेलिकमलाई अनुरोध गरे । जोगवाणी माविमा अधिकांस कुमाल बालबालिकाहरु अध्ययनको लागि आउने भएकाले उनीहरुको लागि आगामी दिन प्याकेजमा सहयोग गर्न शिक्षाविद् पौडेलले अनुरोध गरे । झोला वितरण कार्यक्रममा विद्यालयका पूर्व प्रधानाध्यापक हरि प्रसाल पौडेल, पूर्व शिक्षक सूर्य प्रसाद पौडेल लगायतले विद्यार्थीले किताव कापी बोक्ने झोला पाउँदा पनि उनीहरुलाई ठूलो राहत मिलेको, झोला किन्ने रकमले बालबालिकाहरुको लागि एक बर्षको कापि कलम किन्न पुग्ने भएकाले आगामी दिनमा पनि सहयोग गर्न टेलिकम लाई अनुरोध गरे । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष श्यामबहादुर घर्तीको अध्यक्षता, शिक्षक नारायाण पन्थीको स्वागत र सहायक प्रधानाध्यापक नोखराज बञ्जाडेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# शीत काव्य समाजका चार कृति लोकार्पण

**पाल्पा,** असार ८/शीत काव्य समाज नेपालको प्रकाशनबाट प्रकाशित चारवटा कृतिको लोकार्पण गरिएको छ । समाजको चौंथो वाार्षिक उत्सवको अवसरमा तानसेनमा आयोजित एक समारोहकाबिच चार कृतिको लोकार्पण तथा विमर्श गरिएको हो ।



साहित्यकार देवेन्द्रराज शाक्यको शीत लघुतम खण्डकाव्य 'धर्मी', शीतका परिकल्पनाकार साहित्यकार पुष्कर अथक रेग्मीको शीत 'अर्ध्य' र त्रिशूल काव्य 'अमोघ', साहित्यकार दामोदर ढकाल दीपकको शीतरुपन्यास 'शीत यात्रा' नामक कृतिको लोकापर्ण गरिएको हो । सोही अवसरमा शीत काव्य समाजको लोगो अंकित टिसर्ट सार्वजनिक गरिएको थियो । कार्यक्रममा शीत ईश्वर कृष्णबहादुर केसीद्वारा स्थापित शीत कर्ण पुरस्कार साहित्यकार देवेन्द्रराज शाक्यलाई प्रदान गरिएको छ ।

कृतिको लोकार्पण गर्दै प्रमुख अतिथि तथा पाल्पाका शिक्षाविद् बुद्धि प्रसाद शर्माले शीत काव्य साहित्यको उपविधा फष्टाउदै गएको बताए । पाल्पामा दिनहुँ साहित्य गतिविधीहरु बढ्दै गएको नयाँ-नयाँ विधामा साहित्यका रचनाहरु प्रकाशित हुँदै जानु पाल्पाली साहित्यको लागि सुखद् कुरा भएको शर्माको भनाई छ । उनले भने 'पाल्पामा यही तरीकाबाट साहित्य गतिविधी बढ्दै जाने हो भने साहित्य पर्यटनको विकासले फड्को मार्ने छ ।' पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्रगोपाल सिंहले पाल्पामा साहित्य विधाको उपविधामा नयाँ धार जन्मिएको बताए । शीत काव्य चार बर्षे यात्राबाट निरन्तर सघंर्ष गर्दै अगाडि बढिरहेको र हुर्काउन बढाउनको लागि सबै पक्षबाट मल जलको आवश्यकता रहेको सिंहले उल्लेख गरे । कृतिकार तथा शीतका परिकल्पनाकार पुष्कर अथक रेग्मीले आफु सधैं साहित्यमा नवीनता विधा प्रयोगमा लागि परेको बताए । शीतलाई अझै व्यापकता बनाउन सबै पक्षको सहयोग सहकार्य जरुरी रहेको साहित्यकार रेग्मीको जोड थियो । कार्यक्रममा साहित्यकार तथा पत्रकार भोजराज भट्टराईले ४ वटै कृतिहरुको समिक्षा गरेका थिए । कार्यक्रममा बरिष्ठ पत्रकार मेघराज शर्मा, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, साहित्यकारहरु युवराज पौडेल, राम प्रसाद अर्याल, कृष्ण केसी, डा. टंक प्रसाद पन्थ, कृतिकार दामोदर ढकाल, साहित्यकार कृष्ण केसी, गुणवती केसी लगायतले शीत काव्य वाचन तथा शीत काव्यको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा कृतिकार देवेन्द्रराज शाक्य, पुष्कर अथक रेग्मी दामोदर ढकाल दीपकलाई सम्मान अर्पण गरिएको थियो । शित काव्य नेपाल पाल्पाकी अध्यक्ष इन्दिरा ज्ञवालीको अध्यक्षता, उपाध्यक्ष गोविन्द खनालको स्वागत, सचिव सुशील बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## शिक्षक आवश्यकता

प्रकाशित मिति : २०८१/०३/९

मोहन कन्या माध्यमिक विद्यालय तानसेन-४, पाल्पाको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०३/०५ गतेको बैठक, तानसेन नगरपालिकाको च.न.३०१० मिति २०८१/०३/०७ को सिफारिस एवं शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०३/०७ को च.न. १६९३ र प.स. २०८०/०८१ को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह विज्ञान विषयको शिक्षक करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** : ०३/०८०/०८१, **तह** : **निम्न माध्यमिक, करार**
**विषय** : विज्ञान, पद संख्या : १ (एक)
**योग्यता** : विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह अथवा + २ उर्तिण गरेको र स्थायी अध्ययापन अनुमतिपत्र प्राप्त गरेको ।**तलब सुविधा** : सरकारी नियम अनुसार
**उमेर** : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु.७००/-
**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०३/२३ गते
**सम्पर्क मिति** : २०८१/०३/२४ गते कार्यालय समय भित्र,**परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता, **परीक्षा हुने मिति**: सम्पर्क मितिको दिन तोकिने छ ।
**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमतिको प्रतिलिपी २/२ प्रति साथै व्यक्तिगत विवरण

**पुनश्चः शिक्षक सेवा आयोगबाट करार योग्यता सूचीमा रहेका उम्मेदवारहरुको दरखास्त आएमा अन्य उम्मेदवारहरुको दरखास्त फिर्ता गरिने छ । करार सूचीमा रहेका माथिल्लो क्रमका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिने छ ।**

**सम्पर्क नं.** : ९८४७०४३९३६, ०७५-५२००९२

**मोहन कन्या माध्यमिक विद्यालय**

तानसेन-४, पाल्पा


## खेलकुद समाचार

### वेस्ट इन्डिजले अमेरिकालाई ९ विकेटले हरायो



**काठमाण्डौ**, असार ८/आईसीसी टी-२० विश्वकप क्रिकेटको 'सुपर-आठ' को आफ्नो दोस्रो खेलमा वेस्ट इन्डिजले अमेरिकालाई हराएको छ ।

बारबडोसको केन्सिङ्टन ओभलमा शनिबार बिहान भएको खेलमा वेस्ट इन्डिजले अमेरिकालाई ९ विकेटले हरायो । अमेरिकाले दिएको १ सय २९ रनको लक्ष्य वेस्ट इन्डिजले ५५ बलअघि नै मात्र १ विकेट गुमाएर भेटायो । वेस्ट इन्डिजका शाई होपले नट आउट ८२ रन बनाए । यस्तै निकोलस पुरनले नट आउट २७ रन जोडे । अमेरिकाका हरमीत सिंहले १ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङ गरेको अमेरिका १९ ओभर ५ बलमा १ सय २८ रनमा अल आउट भयो । अमेरिकाका एन्ड्रिस गउसले २९, नितिश कुमारले २० रन बनाए । वेस्ट इन्डिजका आन्द्रे रसेल र रस्टन चेसले समान ३ तथा अल्जारी जोसेफले २ विकेट लिए । यो जितसँगै 'सुपर आठ' को 'समूह-२' रहेको वेस्ट इन्डिजले २ खेलमा २ अङ्क जोडेर तालिकाको दोस्रो स्थानमा छ । यसअघि आफ्नो पहिलो खेलमा वेस्ट इन्डिज इङ्ल्यान्डसँग र अमेरिका दक्षिण अफ्रिकासँग पराजित भएको थियो । लगातार दोस्रो हारसहित आयोजक अमेरिका सेमिफाइनलमा पुग्ने असफल भएको छ ।

## अर्थ/कर्पोरेट समाचार

### ग्लोबल बैंकका ग्राहकलाई हस्पिटलमा छुट



**पाल्पा,** असार ८/ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले हस्पिटलमा छुट पाउने भएका छन् । ग्राहकले आरुष लाइफस्टाइल हस्पिटल प्रालिमा ३० प्रतिशतसम्म छुट पाउने भएका हुन् ।

बैंक र आरुष लाइफस्टाइल हस्पिटलबीच विभिन्न सेवामा ३० प्रतिशतसम्म छुट प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकका चिफ मार्केटिङ्ग अफिसर दिलिप पोखरेल र आरुष लाइफस्टाइल हस्पिटल प्रालिका प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष शाक्यले हस्ताक्षर गरेका हुन् । समझदारी अनुसार बैंकको डेबिट र क्रेडिट कार्डवाहक तथा बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले आरुष लाइफस्टाइल हस्पिटलमा उपलब्ध सेवामा १० देखि ३० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् । बैंकका ग्राहकहरुले आरुष लाइफस्टाइल हस्पिटलको कुपण्डोल हाईट, ठिमी चारदोबाटो 'शंखधर चोक', टुसाल बौद्धनाथ मार्ग, न्यूरोड पोखरा, बर्गाछि विराटनगरस्थित शाखा कार्यालयहरुबाट पनि उपलब्ध हुने सेवाहरुमा उल्लेखित छुट पाउने बैंकले जनाएको छ ।

## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जंनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई